नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा नेपाल

जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC), सिरहाको बैठक ;

प्रमुख जिल्ला अधिकारी प्रदीपराज कणेलको अध्यक्षतामा आज मिति २०७८/०३/१४ गते सोमवारका दिन जिल्ला प्रशासन कार्यालय, सिरहामा बस्यो ।

**उपस्थिति:**

प्रमुख जिल्ला अधिकारी, श्री प्रदीपराज कणेल, जिल्ला प्रशासन कार्यालय, सिरहा - संयोजक

प्रमुख सेनानी, श्री जितेन्द्र कुमार गौली, शेर गण चोहर्वा

प्रहरी उपरीक्षक, श्री हिरा वहादुर पाण्डे , जिल्ला प्रहरी कार्यालय, सिरहा

सशस्त्र प्रहरी उपरीक्षक, श्री दिपेन्द्र गिरी , सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हे.क्वा. , सिरहा

जिल्ला समन्वय अधिकारी, श्री सुजित कुमार यादव, जिल्ला समन्वय समितिको कार्यालय, सिरहा

उप.अनु. निर्देशक, श्री तुलसीराम प्रसाई, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, सिरहा

मे.सु., डा. नागेन्द्र प्रसाद यादव, सिरहा अस्पताल, सिरहा

**आमन्त्रित:**

समन्वय प्रमुख - श्री राम चन्द्र ठाकुर, जिल्ला समन्वय समितिको कार्यालय, सिरहा

प्रमुख - श्री कृष्ण देव यादव, स्वास्थ्य कार्यालय, सिरहा

केन्द्रीय परिषद् सदस्य - श्री देव कुमार यादव, नेपाल पत्रकार महासंघ

अध्यक्ष – श्री प्रमोद कुमार पौद्दार, सिरहा उद्योग वाणिज्य संघ, सिरहा

प्रमुख जिल्ला अधिकारी

## जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC), सिरहाको बैठक मिति २०७८/०३/१४ गते।

### बैठकको कारवाही एवम् निर्णय

१. कोभिड-१९ संक्रमणको जोखिम कायमै रहेको हालको अवस्थामा २०७८ असार १५ गते राती १२:०० बजे देखि ऐ. असार ३१ गते राती १२:०० बजेसम्मकालागि प्रचलित कानून बमोजिम प्रमुख जिल्ला अधिकारीबाट देहाय अनुरुप निषेधाज्ञा जारी गर्न सिफारिस गर्ने ;

   **क)** निजी सवारी साधन गते अनुरुप जोर विजोर प्रणालीमा चल्ने अन्य बाँकी सवारी साधन मिति २०७८/०२/३० गतेको जारी आदेशानुसार हुने।

   **ख)** ०७८ श्रावण ०१ देखि ऐ. श्रावण मसान्तसम्म नदी, घाट, तलाउ तथा धार्मिक स्थलमा भेला नभई घरमै बसी धार्मिक सांस्कृतिक कृत्य गर्ने।

   **ग)** अन्य व्यवस्था २०७८/०२/३० कै आदेश अनुरुप हुन उपयुक्त हुने।

२. गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को च.नं. ३४७४ मिति २०७८/०३/११ को पत्र एवम् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्कको कार्यालयको च.नं. म.बै. ३२१/५८८३ मिति ०७८/०३/०७ गतेको पत्रानुसार संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम जारी आदेश संसोधन सम्वन्धी नेपाल सरकार म.प. को बै.स. २०/०७८ मिति २०७८/०३/०७/ को बैठकको निर्णय कार्यान्वयनको लागि अनुरोध भई आएको व्यहोरा बैठकमा अवगत भयो। साथै सोही बमोजिम गर्ने गराउने।

३. कोभिड-१९ संकट व्यवस्थापन केन्द्र को प.सं. ५०९/कार्य/१/०७७/७८/६६ मिति २०७८/०३/०७ गतेको पत्रानुसार सरोकारवाला निकायहरु समेतको समन्वयमा यस केन्द्रमा मिति २०७८/०३/०७ मा बसेको वोर्ड बैठकले **"होटल क्वारेन्टिन मापदण्ड, २०७८"** स्वीकृत गरी लागु गर्ने निर्णय सम्वन्धि व्यहोरा बैठकमा अवगत भयो। साथै सोही मापदण्ड बमोजिम होटल क्वारेन्टिन संचालन गर्ने गराउने।

४. कोभिड-१९ को हालको दोस्रो लहरको संक्रमणको जोखिम न्यूनीकरण गर्न निषेधाज्ञा जारी भएकोमा सार्वजनिक यातायात समेत रोकिएता पनि विना अनुमति चलीरहेका त्यस्ता सवारी साधन उपर समेत कडाईका साथ अनुगमन गर्ने गराउने।

५. २०७८ बैशाख, जेष्ठ र असारको हालसम्म- कोभिड-१९ दोस्रो लहर संक्रमणबाट १०२ को दु:खद निधन भएकोमा सो मध्ये ४५ वटा शव नेपाली सेना- शेर गण चोहर्वा मार्फत व्यवस्थापन गरिएकोमा यसमा खर्च भएको ६०० (छ सय) लिटर डिजेलको शेर गण चोहर्वा मार्फत सम्वन्धित विक्रेतालाई भुक्तानी दिन कोभिड कोषबाट रु६६,०००/- (रुपैया- छैसठ्ठी हजार) शेर गण चोहर्वालाई उपलव्ध गराउने।

६. मिति २०७८/०१/२३ देखि ऐ. ०३/१४ सम्म निषेधाज्ञाको समयमा जिल्ला प्रशासन कार्यालयबाट अत्यावश्यक सेवा प्रवाहकालागि कोभिड-१९ को समयमा खटिएका कर्मचारीहरुलाई खाजा खर्च वापत रकम रु.१५,०००/- जिल्ला कोभिड कोषबाट भुक्तानी दिने।

७. विदेश एवम् जिल्ला वाहिरबाट आएका व्यक्तिहरुलाई अनिवार्य रुपमा क्वारेन्टिनमा वस्ने र त्यसको निगरानी स्थानीय तहको सम्वन्धित वडा कार्यालयले गर्ने। साथै सो को जानकारी DCMC लाई दिने।

प्रमुख जिल्ला अधिकारी

८. औधोगिक प्रतिष्ठानबाट प्राप्त भएका नेपाल रेडक्रस सोसाइटी सिरहा मातहत रहेका सवै अक्सिजन सिलिण्डरहरु आवश्यक परेको वेलामा पुन: प्राप्त गर्ने गरी सम्वन्धित उद्योगलाई फिर्ता गर्ने । साथै अक्सिजन सिलिण्डरमा रिफिल गर्दा लागेको खर्च प्रयोग गरेको अस्पतालबाट र अन्य खाली भएको सिलिण्डर नेपाल रेडक्रस सोसाइटीबाट रिफिल भएकोमा सम्वन्धित उद्योगले सोधभर्ना गरी फिर्ता गर्ने ।

९. सिरहा जिल्लामा कोभिड-१९ संक्रमण एवम् व्यवस्थापनको देहायको अवस्थाको वारेमा बैठकमा अवगत भई जोखिम न्यूनीकरण गर्न पु-याउन पर्ने विषय समेतमा छलफल भयो ।

| | संक्रमितको विवरण | | | | | | PCR | | Antigen | | | संक्रमितको उपचार अवस्था | | | | जिल्लामा उपलव्ध स्वास्थ्य पूर्वाधार | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जिल्ला | हिजो सम्मको संक्रमितको संख्या | आज थप भएको संक्रमितको संख्या | निको भएको संख्या | हालसम्मको मृत्यु भएको संक्रमित संख्या | विगत २४ घण्टा भित्रको मृत्यु भएको संख्या | हालको सक्रिय संक्रमितको संख्या | परीक्षण संख्या | हालसम्मको संक्रमित संख्या | परीक्षण संख्या | हालसम्मको संक्रमित संख्या | होम आईसोलेसनमा रहेका संक्रमितको संख्या | क्वोरेन्टिनमा रहेका संक्रमितको संख्या | सामान्य उपचारमा रहेका संख्या | ICU मा उपचाररत संख्या | HDU उपचाररत संख्या | भेन्टिलेटरमा उपचाररत संख्या | अस्पताल संख्या | वेड संख्या | HDU वेड संख्या (सिरहा अस्पतालको) | ICU संख्या | भेन्टिलेटर संख्या | दोस्रो चरणमा खोप लगाएको व्यक्ति संख्या | अक्सिजन सिलण्डर संख्या |
| सिरहा | ११६ | ४ | १३५४ | १०२ | ० | ८९ | ५३१३ | १५४५ | २७२ | २९ | ८० | ० | ७ | २ | ० | ० | १५ | ८५७ | २७ | ४४ | ९२ | ६८०६ | २०५ |

**<u>खोपको अवस्था :</u>**

| अभियान मिति | खोपको नाम | प्राप्त भायल संख्या | पहिलो डोज खोप लगाएको व्यक्ति संख्या | दोश्रो डोज खोप लगाएको व्यक्ति संख्या |
|---|---|---|---|---|
| २०७७ माघ १४ गते देखि हाल सम्म | कोभिसिल्ड | ४७९० | ४०२८५ | ६८०६ |
| २०७८ जेठ २६ गते देखि २०७८ असार १३ गते सम्म | भेरो सेल | १०,०१५ | ९९७७ | ३५ |

प्रमुख जिल्ला अधिकारी